# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड, ४५) काठमाडौं, मंसीर ४ गते २०५२ साल (संख्या ३१


## भाग ३

श्री ५ को सरकार

### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा १० क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र सो विमानस्थल संचालनसंग सम्बद्ध देहायबमोजिमका क्षेत्रहरुलाई निषिद्ध क्षेत्र घोषित गरेको छ ।

क. <u>निषिद्ध क्षेत्रको विवरण</u>

१. विमानस्थल एयरसाइड

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा र विमानस्थल बाहिर जडान भएका वा निर्माण गरिएका हवाई परिवहन सम्बन्धी तथा अन्य आवश्यक यन्त्र, उपकरण, भवन, टहरा र देहायका सुविधाहरू–

(क) हवाई संचारका ट्रान्समिटिङ, रिसिभिङ तथा रिपिटर स्टेशनहरू, तिनका एन्टेनाहरू र तिनले चर्चेका क्षेत्र,

(ख) हवाई मार्ग दर्शक ( Navigational Aids), तिनका एन्टेनाहरू र तिनले चर्चेका क्षेत्र,

(ग) राडार, तिनका एन्टेनाहरू र तिनले चर्चेका क्षेत्र,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विमानस्थल प्रकाश प्रणाली (Airport Lighting System) ले चर्चेको क्षेत्र,

(ङ) उपरोक्त (क), (ख), (ग) र (घ) को लागि आवश्यक सहायक यन्त्र उपकरणहरू जस्तै-जेनेटर, सोलर प्यानल आदि तथा तिनले चर्चेको क्षेत्र र

(च) फायर स्टेशन, हवाई इन्धन डिपो, भंसार गोदामहरू, कार्गो भवनहरू र तिनले चर्चेको क्षेत्र ।

३. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन स्थित भि.भि. आई.पि. । भि. आई. पि. कक्ष ।

स्पष्टीकरण:–

एयरसाइड: "एयरसाइड" भन्नाले विमानस्थलको प्रवेश नियन्त्रण गरिएको मुभमेन्ट एरिया र सो संगै जोडिएको पर्खाल, तारबार, भवन, टहरा तथा अन्य सुविधाहरू (Facilities) को पूरै वा आंशिक क्षेत्रलाई जनाउँछ ।

मुभमेन्ट एरिया: "मुभमेन्ट एरिया" भन्नाले म्यानुभरिङ एरिया र विमान पार्किङ क्षेत्र सहित विमानको उडान, अवतरण र ट्याक्सीको लागि प्रयोग हुने क्षेत्रलाई जनाउँछ ।

म्यानुभरिङ एरिया "म्यानुभरिङ एरिया" भन्नाले विमान पार्किङ क्षेत्र बाहेक विमानको उडान, अवतरण तथा ट्याक्सीको लागि प्रयोग हुने क्षेत्रलाई जनाउँछ ।

माथि उल्लिखित निषिद्ध क्षेत्रको मुख्य-मुख्य ठाउँमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका प्रमुख अधिकारीले "निषिद्ध क्षेत्र" को सूचना प्रदर्शन गर्ने व्यवस्था गर्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३८०

ख. प्रवेश अनुमति दिने व्यवस्था

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा १० क को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको निम्ति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका प्रमुख अधिकारीले देहायका आधारमा निषिद्ध क्षेत्रभित्र प्रवेश गर्ने अनुमति दिन सक्नेछन् ।

(१) यात्रुलाई निजहरूसंग भएका मान्य ( Valid ) यात्रा कागजात ( Travel Document ) र उडान कागजात ( Flight Document) को आधारमा,

(२) अन्य व्यक्तिको हकमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका प्रमुख अधिकारीले जारी गरेको प्रवेश पत्रको आधारमा,

(३) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन स्थित भि. आई. पि. कक्ष प्रवेश तथा प्रयोगको लागि देहाय बमोजिमको नीति अवलम्बन गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका प्रमुख अधिकारीले जारी गरेको भि. आई. पि. प्रवेश पत्रको आधारमा:-

(क) मर्यादा क्रममा श्री ५ को सरकारका सचिव वा सो सरह र सो भन्दा माथिका पदाधिकारीहरूलाई प्रस्थान गर्दा र आउँदा सम्बन्धित कार्यालयको पत्रको आधारमा,

(ख) विदेशी भि. आई. पि. को हकमा परराष्ट्र मन्त्रालयको पत्रको आधारमा,

(ग) भि. आई. पि. हरूलाई स्वागत तथा बिदाइ गर्न आउनेहरू मध्ये देहायका व्यक्तिहरूलाई भि. आई. पि. कक्ष प्रवेश अनुमति दिन सक्नेछ,

(अ) भि. आई. पि. का श्रीमान् वा श्रीमती र छोरा छोरी,

(आ) भि. आई. पि. का कार्यालयका वरिष्ठतम पदाधिकारी एक,

(इ) भि. आई. पि. का निजी सचिव एक,

(ई) परराष्ट्र मन्त्रालय प्रोटोकल शाखाका पदाधिकारी एक,

(घ) भि. आई. पि. हरूलाई स्वागत तथा बिदाइ गर्न आउनेहरू अन्य सबैले टर्मिनल भवनको भुइँ तल्ला स्थित भि. आई. पि. कक्ष मूल प्रवेशद्वार नजीकको स्थानबाट स्वागत तथा बिदाइ गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८९

(ङ) एप्रोन (विमान पार्किङ क्षेत्र) सम्म जाने प्रथा निरुत्साहित गर्न देहाय बमोजिम व्यवस्था गरिएको छ ।

कुनै कारण परी एप्रोनसम्म गई स्वागत तथा बिदाइ गर्नु पर्ने आवश्यक भएमा एप्रोनसम्म गई स्वागत तथा बिदाइ गर्नु पर्ने औचित्य स्पष्ट खोली सम्बन्धित कार्यालयबाट लिखित अनुरोध भई आएमा र विदेशी भि. आई. पि. को हकमा परराष्ट्र मन्त्रालयको सिफारिशमा बढीमा दुई जना सम्मलाई एप्रोन सम्म प्रवेश ( Access ) दिन सकिने ।

आज्ञाले,

खगेन्द्र बस्न्यात

श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, नेपाल

३८२